राष्ट्रिय न्यायिक प्रतिष्ठान
तारकेश्वर -१०,मनमैंजू,काठमाडौ
(सूचना प्रकाशित मितिः२०८३।०५।०६)

## चमेना गृह सञ्चालन सम्वन्धी सिलवन्धी दरभाउपत्र आह्वान सम्वन्धी सूचना

प्रतिष्ठानको लागि प्रशिक्षणमा सहभागी हुन आउने प्रशिक्षार्थीहरुका लागि सुपथ मूल्यमा स्वच्छ तथा गुणस्तरीय खाजा।खाना उपलब्ध गराइ निम्न शर्तानुसार चमेना गृह संचालन गर्न सिलवन्धी दरभाउपत्रको माध्यमबाट सेवा लिनुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म,कम्पनी वा संस्थाहरुबाट चमेना व्यवसाय संचालन क्षेत्रमा अनुभव प्राप्त संस्थाहरुले मिति २०८३।०५।१५ गते भित्र प्रस्ताव फाराम खरीद गरी मिति २०८३।०५।१६ गते दिनको १२:०० बजे भित्रमा यस प्रतिष्ठानमा दर्ता गराउन पर्ने छ ।दर्ता भएका सिलवन्दी दरभाउपत्र सोही दिनको २:०० बजे उपस्थित दरभाउपत्रदाता तथा प्रतिनिधिहरुको रोहवरमा यसै प्रतिष्ठानमा खोलिने छन् ।

शर्तहरुः

१.सिलवन्दी दरभाउपत्र यस प्रतिष्ठानको ग्लोवल आइ एम वि बैंक लि (जुनसुखै शाखा कार्यालय) को खाता नं ३०१०१०१००००४५२ मा रु १०००। (फिर्ता नहुने गरी) तिरी भौचर साथ प्रतिष्ठानबाट प्रस्ताव पुस्तिका खरिद गर्न सकिने छ ।

२. प्रस्तावकर्तालि चमेनागृह सञ्चालन हुने स्थानको अवलोकन गरी Design, Decoration फर्निचर व्यवस्था तथा Management System सहित सञ्चालनको विस्तृत योजना विवरण पेश गर्नुपर्ने छ ।

३. चमेना गृह सञ्चालनको लागि आवश्यक जनशक्ति,उपकरणहरु,फर्निचर,पानी तथा आवश्यक भाँडा वर्तनको व्यवस्था प्रस्तावदाता स्वयले गर्नुपर्ने छ ।

४.उपलब्ध गराउन चाहने खाजा तथा खानाको प्रत्येक आइटमहरुको तौल तथा संख्यासहितको मूल्य सूची उपलब्ध गराउनु पर्नेछ । सो सम्वन्धी विस्तृत विवरण प्रस्तावपत्रमा उल्लेख गरिएको छ ।

५.प्रस्तावकर्तालि चमेना गृह सञ्चालन सम्वन्धमा कम्तीमा १ जना कुक कर्मचारी सम्वन्धीत चमेनागृह स्थलमा हरहमेशा राखुपर्ने छ ।

६. प्रस्तावकर्तालि फर्म,संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र,मूल्य अभिवृद्धी करदर्ता प्रमाणपत्र,आ.व. २०८१।८२ को कर चुक्ता प्रमाणपत्र,स्थायी लेखा दर्ता नम्वरको प्रमाणपत्र,व्यवसाय दर्ताको प्रमाणपत्र,प्रस्तावित कार्यमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेसा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति सिलवन्दी दरभाउपत्र साथ संलग्न गर्नुपर्ने छ ।

७. सिलवन्दी दरभाउपत्रका साथ कम्तिमा रु.१०००००।-(अक्षेरुपी एक लाख रुपैया मात्र) हुने रकम सिलवन्दी दरभाउपत्र जमानत बापत राष्ट्रिय वाणिज्य बैक लि. ठमेल स्थित खाता नं.

११००१००१०२०३०००० खाता संचालन गर्ने कार्यालयको नाममा कोलेनिका लेखि रकम जम्मा गर्न पठाउने कार्यालयको नाममा राष्ट्रिय न्यायिक प्रतिष्ठान , कार्यालय कोड नं. २०४६१३५०१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट यस प्रतिष्ठानको नाममा जारी भएको सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट घटीमा ९० दिनको मान्य अवधि हुने जमानत (Bid Security) सिलबन्दी दरभाउपत्रका साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

८.अन्य आवश्यक विवरणहरु प्रस्तावपत्रमा उल्लेख गरिएको छ ।

९. यस सूचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार हुनेछ ।

१०. प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार राष्ट्रिय न्यायिक प्रतिष्ठानमा सुरक्षित रहने छ ।

११.सम्पर्क फोन न. ०१-४०२७४४९ राष्ट्रिय न्यायिक प्रतिष्ठान,मनमैजु,काठमाडौ